मिति २०८३/४/२९ गते तदअनुसार ने.सं. ११४६ गुँलाथ्व द्वितीया शुक्रवार दिनको १:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६६ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा बसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

## बैठक संख्याः-१६६

## मितिः-२०८३/४/२९

## नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु

१.गत बैठकको समिक्षा।

२.समवेदना सम्बन्धमा।

३.पाँचखाल न.पा.को वडाहरुको वडागत रुपमा शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र र ग्रामिण क्षेत्रमा जग्गाहरुको वर्गिकरण सम्बन्धमा।

४.मेडिकल अधिकृत डा. अमन दत्तको राजिनामा स्वीकृत सम्ब्धमा।

५.श्री प्रेम धर्म स्मृति बचत तथा ऋण सहकारी संस्था लि.को आर्थिक कारोबार सम्बन्धमा लेखा विशेषज्ञबाट अध्ययन/विश्लेषण गराई रायसहितको प्रतिवेदन प्राप्त गर्ने तथा सहकारी अनुगमनका लागि विज्ञ परिचालन गर्ने सम्बन्धमा।

६.लामिडाँडा सामुदायिक वन उपभोक्ता समूहमा प्लाष्टिक पोखरी निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धमा।

७.आर्थिक सहयोग/सहायता सम्बन्धमा।

८.विशेष अनुदान कार्यान्वयन सम्बन्धमा।

९.करार कर्मचारीलाई बृद्धि भएको तलब, महंगी भत्ता र प्रोत्साहन भत्ता सम्बन्धमा।

१०.पाँचखाल नगरपालिकामा सूचिकृत कृत्रिम गर्भधानकर्तालाई प्रोत्साहन भत्ता वितरण तथा कृत्रिम गर्भाधान दररेट सम्बन्धमा।

११.शिक्षक व्यवस्थापन सम्बन्धमा।

१२.दलित बालबालिकाका लागि बालसंरक्षण अनुदान कार्यविधि सम्बन्धमा।

१३.नगर आधारभूत अस्पतालमा कार्यरत मेडिकल अधिकृतको रात्रीकालिन सेवा सम्बन्धमा।

१४.सिसिटिभि मर्मत सम्बन्धमा।

१५.आ.व. २०८२-८३ को आ.ले.प. प्रतिवेदन सम्बन्धमा।

१६.आर्थिक अधिकार प्रदान गर्ने सम्बन्धमा।

१७.आ.व. २०८२-८३ को आय व्यय विवरण माथि छलफल सम्बन्धमा।

१८.घ वर्गको व्यवसाय ईजाजत सम्बन्धमा।

१९.पाँचखाल नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७९(पहिलो संशोधन २०८३) सम्बन्धमा।

२०.पाँचखाल नगरपालिका भित्र रहेका सार्वजनिक र सामुदायिक भवनहरु सार्वजनिक हितका लागि उपयोग तथा संरक्षण गर्ने सम्बन्धमा।

२१.जोरपाटी मा.वि. को शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि अनुदान उपलब्ध गराउने सम्बन्धमा।

२२.बेलापाखा सामुदायिक वनमा विरुवा गोडमेल तथा झाडी कटान सम्बन्धमा।

२३.नगर भित्र रहेका विभिन्न पक्की सडकहरु मर्मत सुधार तथा स्तरोन्नती सम्बन्धमा।

२४.जग्गा खण्डीकरण आयोजना स्वीकृत सम्बन्धमा।

२५.विविध।

बैठक संख्या १६६

मिति २०८३/४/२९

नगरकार्यपालिका बैठकका निर्णयहरु

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. १

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्वन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

निर्णय नं. २

पाँचखाल नगरपालिका वडा नं २ का वडा अध्यक्ष श्री रामेश्वर दाहालकी ममतामयी माता, वडा नं ९ की पूर्व महिला वडा सदस्य सानु पहरी, वडा नं १२ का पूर्व वडा सचिव मोहन खरेल र पाँचखाल नगर आधारभूत अस्पताललाई जग्गा दान गर्नु हुने पाँचखाल नगरपालिका वडा नं ६ निवासी अर्जुन प्रसाद दुलालको असमायीक निधन प्रति शोक प्रकट गर्ने निर्णय गरियो।

निर्णय नं. ३

पाँचखाल नगरपालिका अन्तर्गतका वडाहरुको वडागत रुपमा रहेको भौतिक पूर्वाधार, सडक, जनसंख्या, जमिन तथा विकासका सम्भाव्ता समेतलाई मध्यनजर राख्दै देहाय बमोजिम शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र र ग्रामीण क्षेत्र गरि जग्गा तथा स्थानहरुको वर्गिकरण गर्ने निर्णय गरियो।

पाँचखाल नगरपालिकाको वडाहरुको वडागत रुपमा शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र र ग्रामिण क्षेत्रमा जग्गाहरुको प्रस्तावित वर्गिकरण -

पाँचखाल नगरपालिका वडा नं. १ को जग्गा वर्गिकरण:

| क्र.सं. | जग्गाको विवरण | वर्गीकरण | कैफियत |
|---|---|---|---|
| १ | छिन्यापैह्रो कोटयाङ घुमाउनेचौर साँधखोला सडक दायाँ बायाँ | शहरोन्मुख क्षेत्र | |
| २ | पदालीचौर देखी छिन्यापैह्रो सडक दायाँ बायाँ | शहरोन्मुख क्षेत्र | |
| ३ | कामीटोल, सतर डाँडा धोडगाँउबेसी ज्यामिरकोट सडक दायाँ बायाँ | शहरोन्मुख क्षेत्र | |
| ४ | टोल बस्ती जोड्ने सम्पुर्ण सडकको दायाँ बायाँ | ग्रामिण क्षेत्र | |
| ५ | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा | ग्रामिण क्षेत्र | |

महेश खरेल
नगर प्रमुख

...षोत्तम सापकोटा
...कीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका वडा नं. २ को जग्गा वर्गिकरणः

| क.स. | जग्गा वर्गीकरण तथा जग्गा वर्गीकरणको आधार |
|---|---|
| १. | यंस वडा भित्र रहेका मुख्य सडक जस्तैः टाँके हुदै कृष्ण मन्दिर सडक, माझडिही हुदै कृष्ण मन्दिर सडक,द्धारेडीही हुदैं कृष्ण मन्दिर सडक,वगाल्डीही हुदैं कृष्ण मन्दिर संडक, खोक देवीस्थान ज्यामीरकोट कृष्ण मन्दिर सडक,तीनकुने ढोडबेसी,देउराले,ज्यामिरकोट कृष्ण मन्दिर सडक हुदैं पाँचखाल नगरपालिका वडा नं.१ सम्मको सिमानामा जोड्ने डाइनेटारकुलो भन्दा मुनिको जमिनलाई माथि उल्लेखित मुख्य सडकहरुको दाँया बायाँ ५०-५० मिटर जमिन- शहरोन्मुख क्षेत्र |
| २. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. ३ को जग्गा वर्गिकरण

१.शहरी क्षेत्र

– अरनिको राजमार्ग पाटीघर ढङगेश्वरा जोरपाटी मोटर बाटोको दाँया बाँया ५०-५० मिटर आवास क्षेत्र

२. शहरोन्मुख क्षेत्र

– साविक वडा नं ४ को टार तथा विरालीविसी कुलो लाग्ने खेति वाहेक सम्पुर्ण आवास क्षेत्र

– साविक वडा नं ५ को ढोडखोला नैविसे राजकुलो, जोरपाटि ढुङगेश्वरा कुलो लाग्ने धान फल्ने खेति बाहेक सम्पुर्ण जग्गा आवास क्षेत्र

– साविक ४ नं को सवैमङगला दर्शनढुङे रयाले बाटोको बाटो क्षेत्रबाट दाँया बायाँ ५०-५० मिटर

– खराने टार हुदै छेडा मोटर बाटोको ५०-५० मिटर दाँया बाँया आवास क्षेत्र

– नगरपालिका जोरपाटी मोटरबाटठोको ८०-८० मिटर दाँया बाँया आवास क्षेत्र

– अरनिको राजमार्ग चौकी ढत्त, चापिपल,जोरपाटी, सहिद गेटसम्मको दाँया बाँया ८०-८० मिटर आवास

– नगरपालिका मोठापाटीको दाँया बायाँ ५०-५० मिटर आवास क्षेत्र

– दुग्देश्वर मन्दिर जाने बाटो दाँया ५० मिटर र बाँया ५० मिटर

– जोरपाटी खोक मोटरबाटोको दाँया बाँया ५०-५० मिटर आवास क्षेत्र

| | |
|---|---|
| ३. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. ४ को जग्गा वर्गिकरण

१.शहरी क्षेत्र

-अरनिको राजमार्ग बाट दाँया बाँया ५०-५० मिटर सम्म आवासिय क्षेत्र भएको

२. शहरोन्मुख क्षेत्र

माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा

महेश खरेल
नगर प्रमुख

निर्णय प्रमाणित

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका वडा नं. ५ को जग्गा वर्गिकरण

१. शहरी क्षेत्र

-अरनिको ,राजमार्गको २५ मिटर कटाएर ५० मिटर

२. शहरोन्मुख क्षेत्र

-केराघारी तल्लो बाटो हुदै देउतीस्थान सम्मको सडक छेउछाउको भू-भाग,

-खावा मैदान हुदै ठाटी जाने बाटो आसपासको सडक,

-खसिगाँडे देउती स्थान सडक आसपासको जमिन,

-रयाले मन्दिर जाने सडक ५ नं वडाको सम्पुर्ण भू-भाग,

-केराघारी बाट माझगाउँ सडक आसपासमा रहेका सम्पुर्ण जमिन ।

| | |
|---|---|
| ३. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. ६ को जग्गा वर्गिकरण :

१.शहरी क्षेत्र

– अरनिको राजमार्ग बाटोको दाँया बाँया ५०-५० मिटर आवास क्षेत्र

२. शहरोन्मुख क्षेत्र

– तिन्पिप्ले,दुलाल्थोक,बखेल्दिहीको दाँया बाँया २०० मिटर भित्र आवास क्षेत्र

| | |
|---|---|
| ३. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा - ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. ७ को जग्गा वर्गिकरणः-

१.शहरी क्षेत्र

– व्यवस्थित प्लाटिंग भएको र राजमार्गको २०० मिटर भित्रको क्षेत्र ।

२. शहरोन्मुख क्षेत्र

-वडा नं ४ को सिमानाबाट वडा नं ७ को सिमाना सुरु भए संगै डुडाको. मुखबाट च्याङबारी सम्म तेस्रो कुलो लाई आधार मानी साउने बाँध सम्म 'उक्त क्षेत्रबाट उत्तरतर्फ आवास क्षेत्र ।

-वडा नं ७ को सिमाना सरस्वती बोर्डिङ स्कुलबाट दायाँबायाँ बाटोको मापदण्ड ५० मिटरलाई आवास योग्य जमिन साथै उक्त बाटोः श्रीरामपाटी बाट ढापखोला बाट रानी पोखरी कलोको माथि उत्तर हुदै ढिकुर खोलाको सिमाना सम्म आवास योग्य जमिन ।

-वडाः नं ७ को सिमाना ढिक्रे खोला माथि रहेको जग्गा जोरपिपल आवास योग्य जमिन ।

-सम्पूर्ण कपक्कि पक्की मोटरबाटोको दायाँवाँयाको हकमा १०० मि दायाँवाँया

| | |
|---|---|
| ३. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

महेश खरेल
नगर प्रमुख

निर्णय प्रमाणित

पुरुषोत्तम साप
प्रमुख प्रशासकीय अ

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका वडा नं. ८ को जग्गा वर्गिकरण:

१. शहरोन्मुख क्षेत्र

- लामीडाँडा पलान्चोक सडकको दाँया बाँया १०० मिटर भित्र आवास क्षेत्र

- खट्टार र राताडीहि क्षेत्र

- साबिकको होक्सेबजार वडाकार्यालयको दायाँ बायाँ १०० मिटर भित्रको क्षेत्र

| | |
|---|---|
| २. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. ९ को जग्गा वर्गिकरण:

१.शहरी क्षेत्र

–पलान्चोक भगवती मन्दिर दाँया बाँया २०० मिटर भित्रको आवास क्षेत्र

२. शहरोन्मुख क्षेत्र

–लामीडाँडा पलान्चोक सडकको दाँया बाँया १०० मिटर भित्र आवास क्षेत्र

- नागबेली पलान्चोक सडकको दाँया बाँया ५० मिटर भित्र आवास क्षेत्र

| | |
|---|---|
| ३. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. १० को जग्गा वर्गिकरण:

१. शहरोन्मुख क्षेत्र

१. रानीपानी बेला सडकको ५० मि दायाँबाँया आवासिय क्षेत्र

२. तीनपिप्ले बोरेदोभान पक्की सडक दायाँबाँया तर्फ २०० मि भित्र आवासिय क्षेत्र

| | |
|---|---|
| २. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. ११ को जग्गा वर्गिकरण:

१. शहरोन्मुख क्षेत्र

- तामाघाट बोहरेदोभान सडकको दायाँ बायाँ ५० मिटर भित्रको क्षेत्र

- पलान्चोक कोशिदेखा सडकको दायाँ बायाँ ५० मिटर भित्रको क्षेत्र

| | |
|---|---|
| २. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

महेश खरेल
नगर प्रमुख

निर्णय प्रमाणित

पुरुषोत्तम सा
प्रमुख प्रशासकीय

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पाँचखाल नगरपालिका वडा नं. १२ को जग्गा वर्गिकरण:

१. शहरोन्मुख क्षेत्र

- तामाघाट बोहरेदोभान सडकको दायाँ बायाँ ५० मिटर भित्रको क्षेत्र
- तिन्पिप्ले भेडाबारी सडकको दायाँ बायाँ ५० मिटर भित्रको क्षेत्र
- आपघारी ,खट्टार र देबभुमी बालुवा क्षेत्र

| | |
|---|---|
| २. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

पाँचखाल नगरपालिका वडा नं. १३ को जग्गा वर्गिकरण:

१. शहरोन्मुख क्षेत्र

- वडाकार्यालय र श्रीराम मा.वि.स्कुलको २०० मिटर भित्रको क्षेत्र

| | |
|---|---|
| २. | माथी उल्लेखित बाहेकको सम्पुर्ण जग्गा -ग्रामिण क्षेत्र |

निर्णय नं. ४

अध्ययन प्रयोजनका लागि असाधारण विदा लिई बस्नु भएका तत्काल प्राथामिक स्वास्थ्य केन्द्र पाँचखालमा कार्यरत मेडिकल अधिकृत(आठौं तह) डा. अमन दत्त क.सं.नं. २३२००९ ले मिति २०८०/६/२५ देखि लागु हुने माग गरी दिनु भएको राजीनामा स्थानिय तहबाटै किनारा लगाउन मिति २०८३/४/१३ मा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट लेखि आएको हुँदा प्रचलित ऐन बमोजिम हुने गरी माग बमोजिम मिति २०८०/६/२५ देखिनै लागु हुने गरी निजको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५

पाँचखाल नगरपालिका वडा नं ४ मा अवस्थित प्रेम धर्म स्मृती बचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक कारोबारको लेखा विशेषज्ञबाट अध्ययन विश्लेषण गराई राय सहितको प्रतिवेदन प्राप्त गर्ने तथा सहकारी अनुगमनको लागि काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. काभ्रेका विज्ञ श्री गुरु ढकाललाई तोकी मनोनयन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

विपद् व्यवस्थापन कार्यमा टेवा पुर्याउन तथा वृक्षारोपण गरिएका विरुवाहरुको स्यार संभार र सिंचाईका लागि पा.न.पा. १३ स्थित लामीडाँडा सामुदायीक वनको उपयुक्त स्थानमा प्राविधिक इष्टमेट बमोजिम विपद् व्यवस्थापन कोष शीर्षकबाट खर्च भुक्तानी हुने गरी प्लाष्टीक पोखरी निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. ७

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|

महेश खरेल
नगर प्रमुख

निर्णय प्रमाणित

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १. | गोपाल ब.दनुवार | पाँचखाल न.पा. वडा नं १२ | १०,०००/- | ब्रेनट्युमर |
| २ | छोयमान तामाङ | पाँचखाल न.पा. वडा नं २ | १०००००/- | हेड इन्जुरी |
| ३ | गंगा सुवेदी | पाँचखाल न.पा. वडा नं ५ | १००००/- | ब्रेन क्यान्सर |
| ४ | ललिता काफ्ले | पाँचखाल न.पा. वडा नं १० | १००००/- | स्तन क्यान्सर |
| ५ | सुन्तली विश्वकर्मा | पाँचखाल न.पा. वडा नं १ | १००००/- | मृगौलामा समस्या |
| ६ | उषा पौडेल | पाँचखाल न.पा. वडा नं २ | १००००/- | कलेजोको क्यान्सर |
| ७ | शुसन परियार | पाँचखाल न.पा. वडा नं १३ | १००००/- | स्पाइनल कर्ड इन्जुरी |
| ८ | सावित्रा दहाल | पाँचखाल न.पा. वडा नं ३ | १००००/- | मुटुको समस्या |
| ९ | चित्र कुमारी बाँनीया | पाँचखाल न.पा. वडा नं ३ | १००००/- | दमको समस्या |
| १० | भुपेन्द्र बहादुर सापकोटा | पाँचखाल न.पा. वडा नं ५ | १००००/- | मृगौलामा समस्या |
| ११ | किरण गिरी | पाँचखाल न.पा. वडा नं ३ | १००००/- | खुट्टा भाँचिएको |
| १२ | सर्मिला दनुवार | पाँचखाल न.पा. वडा नं १२ | १००००/- | तिघ्राको क्यान्सर |
| १३ | दलबहादुर दनुवार | पाँचखाल न.पा. वडा नं ८ | १५०००/- | विषालु च्याउ सेवनबाट उपचाररत |
| १४ | बेली दनुवार | पाँचखाल न.पा. वडा नं ८ | १५०००/- | विषालु च्याउ सेवनबाट उपचाररत |

**निर्णय नं. ८**

आर्थिक वर्ष २०८३-८४ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत सुख्खाग्रस्त क्षेत्रमा खानेपानी व्यवस्थापन कार्यक्रमबाट तत्कालको समयमा सुनकोशी पाँचखाल खानेपानी योजनाले समेट्न नसकी बाँकी रहेका वडा नं ५, ६, ८ लगायतका वडाका क्षेत्रहरुमा मेन लाईन विस्तार गर्न सुनकोशी पाँचखाल खानेपानी उपभोक्ता समितिसँग समन्वय गरी लागत अनुमान तयार गरी पेश गर्न प्राविधिक शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

यस पालिका र अन्तर्गतका निकायमा कार्यरत सेवा करारका कर्मचारीहरुलाई २०८३/४/१ देखि नेपाल सरकारबाट कार्यान्वयनमा ल्याएको पद अनुसारको सुरु तलब स्केल बमोजिमको पारिश्रमिक र प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०**

पाँचखाल नगरपालिकामा नियमानुसार सूचिकृत कृतिम गर्भाधानकर्ताहरुलाई नगरपालिकाले तोकेको दरमा कृत्रिम गर्भाधान गराई प्रमाणित विवरण पेश गर्ने कृत्रिम गर्भाधानकर्तालाई प्रोत्साहन रकम प्रदान गर्न स्वीकृत बजेटको परिधी भित्र रहि (कुल विनियोजित रकम/सूचिकृत कृत्रिम गर्भाधन कर्ता संख्या) बाट हुन आउने रकम यस पालिकामा सूचीकृत कृत्रिम गर्भधानकर्ताहरुबाट कृत्रिम गर्भधान गराईएको प्रमाणित विवरण लिई नगरपालिकाले तोकेको दरमा मासिक रकम उपलब्ध गराउने साथै नगर क्षेत्र भित्र गरिने कृतिम गर्भधान गराए वापत गर्भधानकर्ताहरुले सेवाग्राहीहरुसँग लिईदै आएको शुल्कलाई एकरुपता कायम गर्न आर्थिक विकास समितिबाट स्वीकृत निम्नानुसारको दररेट(शुल्क) मात्र लिई सेवा उपलब्ध गराउनुपर्ने गरी शुल्क निर्धारण गर्ने र सो सम्बन्धी जानकारी सरोकारवाला सबैलाई गराउन पशु सेवा शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

महेश खरेल
नगर प्रमुख

निर्णय प्रमाणित

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

देहायः

| क्र.सं | वडा नं | क्षेत्र | कृ.ग दररेट रु. (प्रति गाई/भैंसी) | कैफियत |
|---|---|---|---|---|
| १ | १,५,८ र १२ | सबै | ६०० | |
| २ | २,३,४,६ र ७ | सबै | ५०० | |
| ३ | ९ | - | ८०० | पलाञ्चोक,गैह्रीगाउँ रु. (१०००) |
| ४ | १० | - | ८०० | बेला (१०००) |
| ५ | १३ | सबै | १००० | |
| | | | | |
| ६ | ११ | सबै | १००० | |

निर्णय नं. ११

नगरपालिकाबाट व्यवस्थापन भएका आधारभूत तहका शिक्षकका लागि नगरस्तरीय वजेटमा विनियोजित भएको रकमबाट खर्च हुने गरी आव २०८३/८४ मा प्रति शिक्षकले मासिक रु २०,०००। (विस हजार मात्र) पाउने गरि तपसिल बमोजिमका विद्यालयहरुमा करारमा शिक्षक राख्न अनुमति दिने निर्णय गरियो ।

तपसिल

| विद्यालयको नाम | कोटा |
|---|---|
| श्री गणेश मावि पाँचखाल -५ काभ्रे । | १ |
| श्री सर्वमंगला मावि पाँचखाल ३ काभ्रे । | १ |
| श्री आजाद मावि पाँचखाल १२ काभ्रे । | १ |
| श्री जनभावना प्रावि पाँचखाल १२ काभ्रे । | १ |
| श्री भक्रमदेवी मावि पाँचखाल २ काभ्रे । | १ |
| श्री वालप्रतिभा आवि पाँचखाल २ काभ्रे । | २ |
| श्री राधाकृष्ण प्रावि पाँचखाल १० काभ्रे। | १ |
| श्री नारायणस्थान आवि पाँचखाल ७ काभ्रे । | १ |
| श्री जनता मावि पाँचखाल ८ काभ्रे । | १ |

निर्णय नं. १२

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा मार्फत विधायन समितिबाट पेश भएको दलीत बालबालिकाका लागि बाल संरक्षण अनुदान कार्यविधी २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

महेश खरेल
नगर प्रमुख

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. १३

नगर आधारभूत अस्पतालमा कार्यरत चिकित्सकहरुलाई २१ दिन (ड्युटी) सेवा गरे पश्चात प्रदान गरिदैं आएको अतिरिक्त सुविधाका सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो।

सुविधाका लागि पालन गर्नु पर्ने नियम:

क) चिकित्सकहरुको ड्युटी रोष्टर प्रत्येक महिनाको पहिलो हप्ता भित्र अस्पताल प्रमुखबाट प्रमाणित गरी नगरपालिकामा पठाउनु पर्ने।

ख) अस्पतालमा कार्यरत चिकित्सकहरु दामासाही हिसावमा night duty खटिनुपर्ने र duty खटिएको रेकर्ड प्रमाणित गरी नगरपालिकामा पठाउनुपर्ने।

ग) Night duty को दिन गणना गर्दा बराबर/दामासाही हिसावमा duty खटिएको नदेखिएमा/नभएमा अतिरिक्त सुविधा प्रदान गर्दा दिन गणना अनुरुप मात्र भुक्तानी गरिने।

घ) कार्यरत चिकित्सकहरुको आपसी सहयोग तथा समझदारीमा duty Roster बनाई आ-आफ्नो कर्तव्य इमान्दारी पूर्वक बहन गर्नु पर्ने।

निर्णय नं. १४

इलाका प्रहरी चौकी भगवतीस्थान देखि पलाञ्चोक भगवती मन्दिर हुँदै कालिका भगवती मन्दिरसम्म रहेका सिसिटिभिहरु र वडा नं ११ को कार्यालय तथा सातदोबाटोमा रहेका सिसिटिभि मर्मत गर्दा लागेको संलग्न बिलबमोजिमको रकम क्रमैश रु.७९५००/-(अक्षरेपि उनान्सय हजार पाँच सय रुपैया) र रु.४०८०४.३० मर्मत संभार कोषबाट खर्च शीर्षकबाट सम्बन्धित फर्मको नाममा भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १५

आ.व. २०८२-८३ को आ.ले.प. प्रतिवेदन उपर छलफल गरी सुधार गर्नुपर्ने विषयमा कार्यालयलाई आवश्यक निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १६

यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सापकोटा मिति २०८३/०५/1 देखि २०८३/६/२६ गतेसम्म सेवाकालिन तालिममा जानुहुने भएकोले निजको अनुपस्थितिमा यस नगरपालिकाको सम्पूर्ण आर्थिक कारोबार लगायतका प्रशासनिक कार्यहरु नि.प्रमुख प्रशासकीय अधिकृतको रुपमा यस कार्यालयमा कार्यरत शाखा अधिकृत(रा.प.तृ) श्री कल्याण प्रसाद सुवेदीबाट सञ्चालन हुने गरी अधिकार प्रत्यायोजन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १७

आर्थिक प्रशासन शाखाबाट पेश भएको आ.व. २०८२-८३ को आय व्यय विवरण माथि छलफल गरि प्रस्तुत विवरण मनासिव भए/रहेको निर्णय गरियो।

निर्णय नं. १८

नियमानुसार प्रकृयामा आएको सातोरी ए.इ.सी.प्रा.लि. लाई "घ" वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

महेश खरेल
नगर प्रमुख

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १९

संलग्न अनुसूची बमोजिम पाँचखाल नगरपालिकाको शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७९ को पहिलो संशोधन २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २०

पाँचखाल नगरपालिका भित्र रहेका सार्वजनिक र सामुदायिक भवनहरु सार्वजनिक हितका लागि उपयोग तथा संरक्षण गर्ने कार्यविधी निर्माण गरी आगामी बैठकमा पेश गर्न विधायन समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २१

पाँचखाल नगरपालिका वडा नं ६ स्थित जोरपाटी मा.वि. को शैक्षिक गुणस्तर सुधार कार्यक्रमका लागि नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट रु.७,००,०००/- अनुदान दिने निर्णय गरियो।

निर्णय नं. २२

बेलापाखा सामुदायिक वनमा विरुवा गोडमेल तथा झाडी कटान कार्यको लागि रु.४०००००/- उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. २३

प्राविधिक इष्टिमेट बमोजिम आकस्मिक मर्मत संभार कोषबाट रु.११००००००/- खर्च हुने गरी नगर भित्र रहेका विभिन्न पक्की सडकहरु मर्मत सुधार तथा स्तरोन्नती गर्ने निर्णय गरियो।

निर्णय नं. २४

श्री लिजेण्ड्स इन्भेष्टमेन्ट प्रा.लि.द्वारा मिति २०८३/०४/०७ मा नयाँगाउँ होलिडे होम एण्ड रिसोर्ट आयोजना स्वीकृती तथा जग्गा खण्डीकरणको अनुमती माग गरेको सम्बन्धमा मिति २०८३/०४/२९ को पाँचखाल नगरपालिकाको जग्गा विकास समितिको बैठकको निर्णय बमोजिम राजश्व दस्तुर लिई आयोजना स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. २५(विविध)

क)कालिका युवा क्लब पाँचखाल ९ ले गाइजात्रा कार्यक्रमको लागि आवश्यक वाध्यबाधन सामाग्रीहरु मर्मत संभार गर्दा लागेको बिलबमोजिमको रकम रु.१५०००/- मर्मत संभार शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ख)२०८३ असार महिनाको झरीबाट क्षति पुगेका यस नगरपालिका अन्तर्गत विभिन्न वडामा रहेका सडकहरु प्राविधिक इष्टिमेट बमोजिम मर्मत संभार गर्न लगाउने र मूल्याङ्कन बमोजिमको रकम मनसुनजन्य विपदबाट विभिन्न वडामा हुने क्षतीको रोकथाम शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ग)सामुदायिक वन उपभोक्ता समितिहरुको भुमिकालाई व्यवस्थीत गर्न प्रचलित ऐन नियम, वन कार्ययोजना बमोजिमका विधी प्रकृया अवलम्वन गरी सामुदायिक वनबाट अधिक भन्दा अधिक फाइदा लिन वन उपभोक्ता समितिलाई अझ बढी सक्रिय बनाउन र निष्कृय उपभोक्ता समितिलाई ऐन कानून सम्मत पुनरगठन गर्ने समेतका सम्बन्धमा सम्बन्धित वडा कार्यालयहरुको उपस्थितिमा उपभोक्ता समिति वा उपभोक्ताहरु भेला जम्मा गराई छलफल तथा निष्कर्श सहितको प्रतिवेदन आगामी का.पा. बैठकमा पेश गर्न वन वातावरण तथा विपद् व्यवस्थापन शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

घ)नेपाल आदिवासी जनजाती पत्रकार महासंघ (फोनिज) को २७ औं स्थापना दिवसको अवसरमा आयोजना गरिने शुभकामना आदान प्रदान कार्यक्रमको लागि अन्य व्यक्ति तथा संस्था सहायता शीर्षकबाट रु.१००००/- आर्थिक सहायता/सहयोग उपलब्ध गराउने निर्णय गरियो।

ङ)नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट रु.१,५०,०००/- खर्च भुक्तानी हुने गरी पाँचखाल नगरपालिका वडा नं ४ स्थित झिकु खोला खाटावेशी बाँध निर्माण गर्ने निर्णय गरियो।

च)पाँचखाल नगरपालिका वडा नं २ स्थित श्री ज्यामिरकोट उदयमान युवा क्लबको लागि हाजिरीजवाफ प्रतियोगिता सञ्चालनको लागि विविध कार्यक्रम खर्च शीर्षकबाट रु.५०,०००/- आर्थिक सहयोग/सहायता गर्ने निर्णय गरियो।

*( बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*